# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007(4th March 1951)

KTM, CDO Regd. No. 07/043/44

(Mutually affiliated with
Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


**मिति २०७७ भाद्र ५ गते**

## प्रेश विज्ञप्ती

पछिल्लो समय कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा उपचारमा फ्रन्टलाइनमा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु नै संक्रमणबाट ग्रसित भई अस्पतालमा भर्ना हुने क्रम निरन्तर बढ्दै गईरहेको छ । कोभिड १९ रोकथाम व्यवस्थापन गर्दा चिकित्सकहरु समेत संक्रमित हुन गई स्वास्थ्यसेवा प्रवाहमा असर पुग्न गएकोले नीजहरुको सुरक्षाका निम्ती आवश्यक सुरक्षाका सामग्रीहरुको सहज रुपमा उपलब्ध गराई संक्रमित भएका स्वास्थ्यकर्मी तथा चिकित्सकहरुका लागि छुट्टै अस्पताल तथा उपचारको व्यवस्था गर्न नेपाल चिकित्सक संघले नेपाल सरकार समक्ष पटक पटक आग्रह गर्दा समेत सुनुवाई नगरी सम्पूर्ण चिकित्सकहरुको मनोबल घटाउने कार्यभएकोप्रति संघको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपाल मेडिकल काउन्सिलले जारी गरेको निर्देशिका बमोजिम चिकित्सकहरुले कोरोना संक्रमितहरुको उपचार गर्दा अपनाउनुपर्ने सुरक्षा सावधानी र व्यक्तिगत सुरक्षा सामग्री (पिपिई)को प्रयोग गरी उपचारमा संलग्न हुन र सम्पूर्ण स्वास्थ्य संस्थाहरुले समेत निर्देशिकामा उल्लेख भए बमोजिमका सुरक्षाका सामग्रीहरु उपलब्ध गराई स्वास्थ्य सेवामा खटाउनु हुन अनुरोध गरिन्छ ।

यस्तो बिषमपुर्ण परिस्थितिमा आफ्नो ज्यानको बाजी लगाउँदै निरन्तर स्वास्थ्य सेवा प्रवाहमा समर्पित हुनु भएका देशभरका सम्पूर्ण संक्रमित चिकित्सकहरुको यथार्थ विवरण संघको केन्द्रीय कार्यालयमा पठाई सर्म्पकमा आउनु हुन अनुरोध गरिन्छ । साथै संक्रमित चिकित्सकहरुको उद्दार, उचित व्यवस्थापन र सहज उपचारका लागि नेपाल चिकित्सक संघले आवश्यक सहयोग गर्ने प्रतिबद्धता समेत यसै विज्ञप्ती मार्फत व्यक्त गर्दछ ।

Badri

डा. बद्री रिजाल
महासचिव


Phone No. +977-1-4225860, 4231825 ,Fax No. +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org.np